**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- केंद्रीय वित्त मंत्री निर्मला सीतारामनले नयाँ जीएसटी सुधारहरुको सराहना गर्नु भएको छ। उहाँले भन्नुभयो - यसले खपत बढ्नेछ र पूंजीगत खर्चमा कुनै प्रभाव पर्ने छैन।

- मॉरीशसका प्रधानमंत्री नवीनचंद्र रामगुलाम यस महीनाको 9 देखि 16 तारीख सम्म भारतको यात्रामा रहनुहुनेछ।

- देशभरिका गृह राज्यहरु भीषण बाढीको चपेटमा छन्
- एम्स दिल्लीले पंजाब र उत्तर भारतको बाढ़ी प्रभावित क्षेत्रहरुमा सहायताका लागि 22 सदस्यीय चिकित्सा दल तैनात गरेको छ।

- भारतको विदेशी मुद्रा विनिमय भंडार 29 अगस्तमा समाप्त भएको सातामा तीन अरब 51 करोड डलरले बढेर 694 अरब बीस करोड डलरभन्दा बढी पुगेको छ।

- थाइल्याण्डको संसदले उद्योगपति अनुतिन चार्नविराकुललाई देशको प्रधानमन्त्रीको रूपमा चयन गरेको छ। उहाँ दुई वर्षमा तेस्रो प्रधानमन्त्री हुनुहुन्छ।

- बिहारको राजगीरमा पुरुष एशिया कप हकीको सुपर फोर चरणको म्याचमा आज भारतको सामना चीनसित हुनेछ।

**निर्मला जीएसटी**

केन्द्रीय वित्तमंत्री निर्मला सीतारामनले भन्नुभएको छ वस्तु एवं सेवा कर - जीएसटीको नयाँ व्यवस्थाले नागरिकहरुको उपभोगमा सुधार हुनेछ र यसले पुंजीगत व्ययमा कुनै प्रभाव पर्ने छैन। एक निजी समाचार चैनलसितको अनन्तरवार्तामा सुश्री सीतारामनले भन्नुभयो 99 प्रतिशत वस्तु र सेवाहरुमा अब या तो शून्य या पांच भन्दा 18 प्रतिशत सम्मको जीएसटी लाग्नेछ। उहाँले भन्नुभयो पहिलो पटक केन्द्र सरकारले जीएसटी र क्षतिपूर्तिको बारे एक व्यापक प्रस्ताव पारित गरेको छ। उहाँले पेट्रोलियम र एल्कोहल उत्पाद जीएसटीको दायरा बाहिर रहने बताउनु भयो।

**(बाईट)**

वित्तमन्त्रीले भन्नुभयो सरकारले 50 प्रतिशत अमेरिकी आयात शुल्कबाट प्रभावित निर्यातकहरूलाई सहायता गर्न प्रयास गरिरहेको छ।

यसै बीच, आकाशवाणी समाचारसितको एक साक्षात्कारमा, केंद्रीय अप्रत्यक्ष कर एवं सीमा शुल्क बोर्डका अध्यक्ष संजय कुमार अग्रवालले आगमी पुस्ताको जीएसटी सुधारहरुलाई साहसिक र व्यापक बताउनु भएको छ।

(बाईट संजय कुमार अग्रवाल)

**विदेश मंत्रालय - मॉरीशस**

मॉरीशसका प्रधानमंत्री डॉ. नवीनचंद्र रामगुलाम 9 सेप्टेम्बर देखि आठ दिनको भारत भ्रमणमा रहनुहुनेछ ।यस अवधि , उहाँले राष्ट्रपति द्रौपदी मुर्मुसित भेट गर्नुहुनेछ। डॉ. रामगुलामले प्रधानमंत्री नरेंद्र मोदीको साथ रणनीतिक साझेदारीलाई अझ बलियो बनाउने बिषयमा चर्चा गर्नुहुनेछ । उहाँ मुंबई, वाराणसी, अयोध्या र तिरुपति पनि जानुहुनेछ । विदेश मंत्रालयको बिज्ञप्तिमा उल्लेख गरिएको छ कि डॉ. रामगुलामको यात्राले भारत र मॉरीशस बीच बलियो र स्थायी संबंधहरुलाई अझ बलियो बनाउने छ । वर्तमान कार्यकालमा यो भारतमा उहाँको पहिलो द्विपक्षीय विदेश भ्रमण हुनेछ ।

**पंजाब बाढ़ी**

केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले भन्नुभएको छ पञ्जाबमा बाढीबाट भएको क्षतिको विस्तृत रिपोर्ट प्रधानमन्त्रीलाई सुम्पिनु हुनेछ। सोशल मीडिया पोस्टमा उहांले संकट ठूलो भए पनि केन्द्र सरकारले पञ्जाबलाई हरसम्भव मदत गर्नमा कुनै कसर बाँकी नराख्ने बताउनु भएको छ।पञ्जाबका राज्यपाल गुलाब चन्द कटारियाले फिरोजपुर, अमृतसर, गुरदासपुर, पठानकोट, कपुरथला, होशियारपुर, रोपर, लुधियाना, मलेरकोटला र जालन्धरका बाढी प्रभावित मानिसहरूका लागि रेडक्रस सोसाइटी पञ्जाबबाट राहत सामग्री बोकेका 9 ट्रकहरूलाई झण्डा देखाएर प्रस्थान गराउनु भयो। बाढी प्रभावित क्षेत्रहरूमा 100 टन पशु चारा पठाइएको छ।राज्यभरि बाढीका कारण भएको विनाशका बीचमा बयोबृद्धाहरुका लागि सुरक्षा र कल्याण सुनिश्चित गर्न विशेष उपायहरू गरिन्दैछ।

**राष्ट्रपति-बाढी**

राष्ट्रपति द्रौपदी मुर्मुले देशभरि प्राकृतिक आपदाको समयमा उद्धार र राहत कार्यमा संलग्न व्यक्तिहरूको भावनाको सराहना गर्नुभएको छ। राष्ट्रपतिले सोशल मीडिया पोस्टमा भन्नुभएको छ यस वर्षको मनसुनमा प्राकृतिक आपदाको बारेमा सुनेर गहिरो दुःख लागेको छ। उहाँले भन्नुभयो पहाडहरुमा बादल फाट्ने र मैदानमा बाढीले ठूलो विनाश भएको छ। यसले उत्तराखण्ड, हिमाचल प्रदेश, जम्मू कश्मीर, पञ्जाब, असम र देशका अन्य भागहरूमा धेरै मानिसहरूको मृत्यु भएको छ।उहाँले भन्नुभयो राष्ट्र यस संकटमा आपदाबाट प्रभावित मानिसहरुको साथमा छ। उहाँले भन्नुभयो राष्ट्रले यो चुनौतीको एकजुट भएर सामना गर्नेछ।

**वायु सेना-जम्मू बाढ़**

जम्मू कश्मीरमा, वायुसेनाले हिजो हेलिकप्टर मार्फत उधमपुर जिल्लाको बाढी प्रभावित दम्मोट पञ्चायतका मानिसहरूलाई लगभग छ टन राहत सामग्री पुऱ्याएको छ। रक्षा विभागका जनसम्पर्क अधिकारीले जम्मूमा यो जानकारी दिनु भयो। भारी वर्षा, बाढी र पहिरोका कारण उधमपुर जिल्लामा जनजीवन नराम्ररी प्रभावित भएको

**पंजाब- भाखड़ा ब्यास प्रबंधन बोर्ड अध्यक्ष**

भाखड़ा ब्यास प्रबंधन बोर्डका अध्यक्ष मनोज त्रिपाठीले भन्नुभएको छथ भाखड़ा बाँधबाट अतिरिक्त पानी बग्ने कुनै खतरा छैन्। उहाँले यस वर्ष ब्यास नदीमा पानीको प्रवाह ऐतिहासिक रूपमा अधिक र अभूतपूर्व रहेको बताउनु भयो। ब्यास नदीमा बनेको पौंग बाँधमा यति धेरै पानी पहिले कहिल्यै आएको थिएन। यस वर्ष पानीको प्रवाह 11 दशमलव 70 अर्ब घनमिटर थियो, जुन 2023 को तुलनामा 20 प्रतिशतले बढी हो। श्री त्रिपाठीले भन्नुभयो मौसम विभाग र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मौसम एजेन्सीहरूले आगामी दिनहरूमा धेरै वर्षा नहुने अनुमान व्यक्त गरेका छन्।

**मांडविया- मेरा भारत**

सरकारले पंजाब र हिमाचल प्रदेशका बाढ़ प्रभावित क्षेत्रहरुमा बचाव कार्यहरुका लागि हज़ारौ प्रशिक्षित मेरा युवा भारत आपदा मित्र तैनात गर्नेछ। नयाँ दिल्ली स्थित एम वाई भारत मुख्यालयमा उच्च स्तरीय बैठकमा खेल एवं युवा कार्यक्रम मंत्री डॉ. मनसुख मांडवियाले यी जानकारी दिनुभएको हो । उहाँले एम वाई अर्थात मेरा युवा भारत स्वयंसेवकहरु र जिला युवा अधिकारिहरुलाई अनुरोध गर्नुभयो की उहाँ प्रभावित मानिसहरुलाई राहत प्रदान गर्नका लागि जिलाधिकारिहरुको साथ मिलेर काम गर्नेछन्। एम वाई भारत राष्ट्रव्यापी प्लेटफ़ॉर्म हो , जसलाई स्वयंसेवा र अनुभव सम्बंधी शिक्षाको माध्यमबाट युवाहरुलाई जोड़न र उनीहरुलाई सशक्त बनाउनका लागि सृजना गरिएको छ।

## एम्स - राहत टीम

नयाँ दिल्लीको अखिल भारतीय आयुर्विज्ञान संस्थान-एम्सले उत्तर भारत र पंजाबको बाढ़ प्रभावित क्षेत्रहरुमा चिकित्सा राहत र मानवीय सहायता प्रदान गर्नका लागि डॉक्टरहरु र नर्सहरुको टीमलाई पठाएका छन्। यस टीममा 11 डॉक्टर र 11 नर्स शामेल छन्। यिनमा चिकित्सा, मनोचिकित्सा, बाल रोग, शल्य चिकित्सा र रेडियोडायग्नोसिस सहित अन्य विभागहरुका विशेषज्ञ शामेल छन्। एम्सको प्रेस विज्ञप्ति अनुसार यो टीमले प्रभावित समुदायहरुलाई चिकित्सा सेवा, औषधि र सहयोग प्रदान गर्नेछ। आकाशवाणी समाचारसितको बातचीतमा एम्सका रेडियो डायग्नोसिस विभागमा असिस्टेंट प्रोफेसर अमरिंदर सिंहले प्रशिक्षण प्राप्त र सुसज्जित टोलीले प्रभावित मानिसहरूलाई तत्काल सहयोग गर्ने बताउनु भयो।

## विदेशी मुद्रा भंडार

भारतको विदेशी मुद्रा विनिमय भंडार 29 अगस्तमा समाप्त भएको सातामा सञ्चिति तीन अरब 51 करोड डलरले बढेर 694 अरब बीस करोड डलरभन्दा बढी पुगेको छ। रिजर्भ बैंकको साप्ताहिक सांख्यिकी विज्ञप्ति अनुसार, विदेशी मुद्रा भारतको भंडारको एक प्रमुख घटक हो, जुन लगभग एक अर्ब 69 करोड डलरले बढेर पाँच सय तिरासी अरब नब्बे करोड भन्दा बढी पुगेको छ। स्वर्ण भंडार एक अर्ब 76 करोड डलर भन्दा अधिक बढ़ेर 86 अर्ब 76 करोड डलर भएको छ। विशेष आहरण अधिकार चार करोड डलरको वृद्धिसित 18 अर्ब 77 करोड डलरमा पुगेको छ। अंतरराष्ट्रीय मुद्राकोषमा रिजर्व बैंकको स्थिति एक करोड अस्सी लाख डलर वृद्धिका साथ चार अर्ब 74 करोड डलर भन्दा अधिक भएको छ।

## थाईलैंड - प्रधानमंत्री

थाइल्याण्डको संसदले उद्योगपति अनुतिन चार्नविराकुललाई देशको प्रधानमन्त्रीको रूपमा चयन गरेको छ। उहाँ दुई वर्षमा तेस्रो प्रधानमन्त्री हुनुहुन्छ। उहाँले पैतोंगटार्न शिनावात्राको स्थान लिनु भएको छ। शिनावात्रालाई गत साता संवैधानिक न्यायालयले कम्बोडियासितको सीमा विवाद मामिलामा अनैतिकताको कारण पदबाट हटाएको थियो।

अनुतिन चार्नविराकुलको भुमजैथाई पार्टीले प्रधानमन्त्री बन्न आवश्यक पर्ने तल्लो सदनको आधाभन्दा बढी मत सजिलै हासिल गर्यो। पार्टीले संसदमा 247 भन्दा बढी मत प्राप्त गऱ्यो र 492 सदस्यीय प्रतिनिधि सभामा बहुमतको आँकडा पार गऱ्यो।

## एशिया कप हकी

पुरुष एशिया कप हकीको **सुपर फ़ोर** चरणको मैचमा आज भारतले चीन सित खेल्नेछ। मैच साझ साढ़े सात बजे बिहारको राजगीर अंतरराष्ट्रीय स्टेडियममा खेलिनेछ। एक जीत अनि र एक ड्रॉ सित भारतीय टीमले चार अंक अर्जित गरेर अंक तालिकामा शीर्षमा छ। टूर्नामेंटमा अहिले सम्म अपराजित भारतीय टीम यस पल्ट एशिया कप खिताबको प्रबल उमेद्वार रहेकोछ। बिहिबार भारतीय टीमले सुपर फ़ोर चरणको मैचमा मलेशियालाई 4-1 ले पराजित गरेभने अर्को मैचमा कोरियाको सामना आज साझ 5 बजे मलेशियासित हुनेछ।यसै बीच, टूर्नामेंटमा 5औ देखि 8औ स्थानको लागि मैचमा चीनी ताइपेको सामना आज दिउसो कज़ाकिस्तानसित हुनेछ।

**<u>मुम्बई - गणेश विसर्जन</u>**

१० दिन लामो गणेश चतुर्थी पर्व आज अनन्त चतुर्दशीको अवसरमा भगवान गणेशको मूर्ति विसर्जनसँगै समापन हुनेछ।

****** ० ******